शिखर नगरपालिकाको

आर्थिक ऐन, २०७५

नगरसभाबाट पारित मिति : २०७५/०३/३२
प्रमाणीकरण मिति : २०७५/०३/३२

नगरपालिका : शिखर नगरपालिका

जिल्ला : डोटी

७ नं. प्रदेश नेपाल

शिखर नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक,२०७५

प्रस्तावनाः शिखर नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम शिखर नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " शिखर नगरपालिकाको आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि शिखर नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "नगरपालिका" भन्नाले शिखर नगरपालिका सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले शिखर नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "सभा" भन्नाले शिखर नगर सभा सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले शिखर नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ङ) "उपप्रमुख" भन्नाले शिखर नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(च) "वडाअध्यक्ष" भन्नाले शिखर नगरपालिकाको वडाको वडा अध्यक्ष सम्झनु पर्छ ।

(छ) "वडा समिति" भन्नाले नगरपालिकाको वडा समिति सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले कार्यपालिकाको प्रमुख, उपप्रमुख र वड[ा] अध्यक्ष समेतलाई जनाउँदछ ।

(झ) "कार्यकारी अधिकृत" भन्नाले नगरपालिकाको कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ञ) "वडा सचिव" भन्नाले वडा समितिको सचिवको कामकाज गर्न खटिएको कर्मचारी सम्झनु पर्छ ।

(ट) "तोके बमोजिम वा तोकिए बमोजिम" भन्नाले शिखर नगरसभाले तोके बमोजिम वा शिखर नगर सभा[ले] बनाएको कार्यविधिमा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **एकीकृत सम्पति करः** (१) नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर लगाइने र असू[ल] उपर गरिनेछ ।

तर एकीकृत सम्पत्ति कर लाग्नु अघिको तिर्न बुझाउन बाँकी रहेको घर जग्गा कर [र] भूमि कर (मालपोत) मा कुनै प्रकारको छुट हुने छैन ।

सिताराम जोशी
(नगर प्रमुख)

४. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **प्राकृतिक स्रोत साधन करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले प्राकृतिक स्रोत साधन र प्रचलित कानूनले निषेध गरिएको वस्तु बाहेकका वस्तुको उपयोग वा उपभोग गरे वापत अनुसूची (३) बमोजिम कर लगाइने र असूल उपर गरिनेछ ।

६. **पटके सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र संचालन हुने सवारी साधनमा अनुसूची (४) बमोजिम पटके सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसल वा सार्वजनिक जग्गामा बनेका घर टहरा घुम्ती गोदाम वा अन्य कुनै संरचनामा अनुसूची (५) बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. **नक्सा पास करः** नगरपालिका क्षेत्रभित्र बन्ने घरहरुमा अनुसूची (६) बमोजिम नक्सा पास कर लगाइने र असूल उपर गरिनेछ ।

९. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले सेवाग्राहीलाई उपलब्ध गराएको विभिन्न सेवा तथा सिफारिसमा सेवाग्राहीबाट अनुसूची (७) अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरु तथा पर्यटन क्षेत्र सम्बध्द व्यवसायबाट अनुसूची (८) बमोजिमको दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

११. **दण्ड जरिवाना र नियमित दस्तुरः** यस नगरपालिकाले आफ्नो क्षेत्रभित्र स्वीकृत निर्माण भएका भौतिक संरचना, घर तथा अन्य भवन, टहराहरुलाई भवन संहिता, भवन निर्माण मापदण्ड र नगरपालिकाबाट स्वीकृत मापदण्ड भित्र पर्नेको हकमा नगरपालिकाको निर्णयानुसार नक्सा स्वीकृत गरी नियमित गर्नुपर्ने भएमा अनुसूची (९) मा उल्लेखित दरमा दण्ड, जरिवाना र नियमित दस्तुर लगाईने र असुल गरिनेछ ।

१२. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तत्कालिन स्थानीय निकायको कानून बमोजिम निर्धारण भएका सबै प्रकारका राजश्व बक्यैता रकम दण्ड जरिवानालाई छुट दिइने छैन ।कर छुट र छलीमा संलग्न पदाधिकारीलाई यस्तो छुट र छलीको रकम सरकारी बाँकी सरह सम्बन्धित पदाधिकारीबाट असूल उपर गरिनेछ ।

तर नगरपालिकाले मापदण्ड वा कार्यविधि बनाई एकीकृत सम्पत्ति करमा छुट दिन यस दफाले बाधा पुराएको मानिने छैन ।

१३. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगर सभाले तोके बमोजिम हुनेछ ।

अनुसूची १

(ऐनको दफा ३ संग सम्बन्धित)

एकीकृत सम्पत्ति करको दर

सि.नं.	करयोग्य सम्पत्तिको मूल्य	वार्षिक दर
१	५ लाख रुपैयासम्मको मूल्यांकनमा	एकमुष्ठ रु. १००
२	१० लाख सम्मको मूल्यांकनमा	प्रति लाख रु.२०
३	२० लाख रुपैया सम्मको मूल्यांकनमा	प्रति लाख रु.२५
४	३० लाख रुपैया सम्मको मूल्यांकनमा	प्रति लाख रु.३०
५	४० लाख रुपैया सम्मको मूल्यांकनमा	प्रति लाख रु.३५
६	५० लाख रुपैया सम्मको मूल्यांकनमा	प्रति लाख रु.४०
७	६० लाख रुपैया सम्मको मूल्यांकनमा	प्रति लाख रु.४५
८	७० लाख रुपैया सम्मको मूल्यांकनमा	प्रति लाख रु.५०
९	८० लाख रुपैया सम्मको मूल्यांकनमा	प्रति लाख रु.५५
१०	९० लाख रुपैया सम्मको मूल्यांकनमा	प्रति लाख रु.६०
११	१ करोड रुपैया सम्मको मूल्यांकनमा	प्रति लाख रु.६५
१२	१ करोड रुपैया भन्दा माथीको	प्रति लाख रु.७०

नोट : क) उपरोक्त वमोजिम एकीकृत सम्पत्ति कर २०७५ श्रावण १ गते वाट लागु हुनेछ ।

ख) मूल्यांकन रकमलाई रु. लाखमा (roundfigure) गरी करको दर निर्धारण हुनेछ ।

ग) जग्गाको न्यूनतम मूल्यांकन अनूसूचि १ वमोजिम हूनेछ ।

घ) घरको किसिम अनुसार देहाय वमोजिम कर समावेश गरिनेछ ।

संरचनाको मूल्यांकन दर

सि.नं.	घरको किसिम	वार्षिक दर
१	व्यवसायीक पक्की घर	एकमुष्ठ रु. १०००
२	अन्य पक्की घर	एकमुष्ठ रु. ५००
३	जस्ता पाता/स्लेटले छाएका घर	एकमुष्ठ रु. २००
४	फूसको कच्ची घर	एकमुष्ठ रु. १००

(नगर प्रमुख)

अनुसूची १
(ऐनको दफा ३ संग सम्बन्धित)

आ.व. ०७५/०७६ को जग्गाको न्युनतम् मूल्यांकन आधार एवम् मूल्य (एकिकृत सम्पत्ति कर निर्धारण गर्ने प्रयोजनका लागि)

हालको वडा	साविकको		खेत तर्फ (प्रति रोपनी रु. हजारमा)				पाखो तर्फ (प्रति रोपनी रु. हजारमा)				सडकको दायाँवायाँ (प्रति रोपनी रु. हजारमा)				
	गा.वि.स	वडा नं.	अब्बल	दोयम	सिम	चाहार	अब्बल	दोयम	सिम	चाहार	राजमार्ग	पक्की	ग्रावेल	कच्ची	गोरेटो/घोरेटो
१	कपल्लेकी	१-६	६१	५७	५२	४८	५६	५२	४९	४६	३१०		१६०	११०	८५
		७-९	६३	५९	५४	५०	५८	५४	५१	४८	३१०		१६०	११०	८५
२	मूडेगाउ	१-९	८२	८०	७८	७५	७९	७६	७४	७१	३६०			१६०	११०
३	मुडभरा	२,९	७६	७१	६९	६५	७०	६७	६३	६०	२६०			१६०	११०
४	मुडभरा	१,३,४-९	७६	७१	६९	६५	७०		६३	६०	२६०			१६०	११०
५	तिजाली	१-९	५३	५०	४७	४३	४९	४७	४५	४२				११०	८५
६	पचनाली	१-९	७९	७६	७४	७१	६३	६०	५७	५३	३३५			१६०	११०
७	लाटामाण्डौं	१-७	७४	७१	६९	६५	६५	६०	५७	५२	४१०			१६०	११०
८	लाटामाण्डौं	८,९	७६	७३	७१	६९	७०	६८	६५	६३	४१०			१६०	११०
९	जिजोडामाण्डौं	१,२,३,७,९	६०	५४	४९	४५	४७	४६	४५	४२				११०	८५
		४,५,६,८	६२	५८	५४	४९	४९	४७	४६	४३				११०	८५
१०	बनलेक	३,४,५,७,९	८२	७६	७१	६९	७१	६५	६०	५४	४१०			१६०	११०
		१,२,६,८	१२३	११६	१०९	१०३	११६	१०९	१०३	९६	४१०			१६०	११०
११	वारपाटा	१,५,६,९	७१	६८	६५	६२	६५	६३	६०	५८					८५
		२,३,४,७,८	८२	७९	७६	७३	७६	७४	७१	६९					८५

(नगर प्रमुख)

अनुसूची २

(ऐनको दफा ४ संग सम्बन्धित)

आ.ब. २०७५/७६ का लागि प्रस्तावित वार्षिक व्यवसाय करको दरहरु

क.सं.	व्यवसायको विवरण	आ.ब. २०७५/७६ का लागि प्रस्तावित करको श्रेणी	
	स्तर	क	ख
१	**व्यापारिक वस्तु**		
२.१	खाद्यान्न किनारा पसल (डिलर र खुद्रा)	१०००	५००
२.२	कपडा पसल (थोक एवं खुद्रा)	१०००	५००
२.३	पेट्रोल पम्प	१०००	
२.४	विद्युत सामान तथा विद्युतीय सामग्री टि.भी., घडी रेडियो बिक्री	१०००	५००
२.५	निर्माण सामाग्री	१५००	१०००
२.६	सुनचांदी पसल (ज्वेलेरी)	१५००	१०००
२.७	फेन्सी पसल	१०००	५००
२.८	उनी धागो पसल	५००	३००
२.९	जुत्ता चप्पल पसल	५००	३००
२	**अन्य सेवा**		
३.१	विविध श्रृघार पसल (थोक÷खुद्रा)	५००	३००
३.२	फर्नीचर पसल	१०००	५००
३.३	भांडा र गिफ्ट पसल(थोक÷खुद्रा)	१०००	५००
३.४	कुटानि पिसानि मिल	१०००	५००
३.५	पुस्तक तथा पत्रिका पसल	५००	३००
३.६	नर्सरी र फलफुलका विरुवा बिक्रीवितरण	५००	३००
३.७	संस्थागत पेन्टर	२००	१००
३.८	तरकारी पसल	२००	१००
३.९	मासु पसल	५००	३००
३.१	कपडा सिलाई	५००	३००
३.११	हेयर कटिङ	५००	२००
३.१२	आर्ट	४००	२००
३.१३	फोटो स्टुडियो	४००	२००
३.१४	रंगरोगन पसल	५००	३००
३.१५	चश्मा पसल	५००	३००
३	**मर्मत संभार**		
१	रेडियो टि.भि घडी, प्रेशर कुकर, हिटर, टेलीफोन सेट पंखा तथा स्टोभ, विद्युत सामग्री मर्मत केन्द्र	५००	३००
२	हेभी इक्विपमेन्ट बस, ट्रक, कार मोटर साईकल, टेम्पो, साईकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र	१०००	५००
४	**सेवा उद्योग**		
१	डाइभिङ इन्स्टिच्युट	५००	
२	चलचित्र मन्दिर	१०००	
३	ल्याब तथा फोटो ग्राफि	८००	३५०
४	छापाखाना	८००	३५०
५	**कृषि तथा वनजन्य उद्योग**		
१	कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसाय आदी	८००	३५०
२	कृषि तथा जडीबुटी निकासी	१०००	५००
६	**उत्पादन मुलक उद्योग**		
१	पाउरोटी भण्डार	५००	३००
२	आइसक्रिम उद्योग तथा पसल	५००	३००
७	**वित्तीय सेवा**		
१	वित्तीय संस्था र सहकारी संस्था	१०००	५००
२	रेमिटेन्स सेवा	१०००	
८	**स्वास्थ्य सेवा**		
१	निजी तथा गैरसरकारी अस्पताल	१०००	५००
२	नर्सिङ होम	१०००	५००
३	क्लिनिक तथा ल्याव	१०००	५००
४	डेन्टल ल्याब वा क्लिनिक	१०००	५००
९	**शिक्षा सेवा**		
१	नि.जि क्षेत्रका बोर्डिङ स्कुल क्याम्पस उ.मा.वि मा.वि. र प्रा.वि.	१५००	१०००
२	टाईपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था	१०००	
३	सिलाई, बुनाई, पेन्टिङ, कटिङ प्रशिक्षण	१०००	५००
४	टेक्निकल इन्स्टिच्युट	१०००	
१०	**निमाण व्यवसायी नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा क, ख, ग, घ**	क्रमशः २५००, १५००, १००० र ५००	
११	**संचार सेवा**		
१	निजी क्षेत्रका कुरियर, फ्याक्स,इमेल, इन्टरनेट र टेलिफोन	५००	
१२	**विशेषज्ञ मरामर्श तथा अन्य व्यवसायिक सेवा**		
१	चिकित्सक विशेषज्ञ (स्वा.सहायक,कविराज)	१०००	५००
२	ल फर्म	५००	
३	कन्सल्टेन्सी फर्म (इन्जीनिय र ओ.)	१०००	
४	ज्योतिस	३००	
१३	**अन्य व्यवसाय**		
१	कवाडी सामानको थोक बिक्रेता	१०००	
२	मिठाई पसल	५००	३००
१४	**सा. उद्योग**		
१	ग्रिल उद्योग	१५००	१०,००।०
२	ब्लक उद्योग	१०००	
३	अन्य उद्योग	१५००	

द्रस्टब्य: माथि उल्लेखित दस्तुरको हकमा मूल्य अभिवृद्धि करमा दर्ता भई सञ्चालनमा रहेका ठुला व्यवसायीलाई क वर्ग बमोजिम र तोकिएको निकायबाट स्थायी लेखा नम्बर लिई वा मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर नलिई सञ्चालनमा रहेका व्यवसायीहरुलाई नियमानुसार मूल्य अभिवृद्धि कर तथा स्थायी लेखा नम्बर लिई सञ्चालन गर्न गराउन प्रोत्साहित गर्ने र यस्ता किसिमका व्यवसायीहरुलाई ख वर्ग बमोजिम व्यवसाय कर लगाउने ।

शिखर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
७ नं. प्रदेश नेपाल
२०७३

(नगर प्रमुख)

अनुसूची ३
(ऐनको दफा ५ संग सम्बन्धित)

शिखर नगरपालिकाद्वारा आगामी आ.ब. २०७५।७६ का लागि प्राकृतिक साधन उपयोग कर

सि.न	विवरण		आ व २०७५।७६ को लागि प्रस्तावित	कैफियत
१	गिटी ढुंगा (प्रति ट्रक, टिप्पर)		१०००	
२	गिटी ढुंगा (प्रति मिनी ट्रक, टिप्पर)		५००	
३	गिटी ढुंगा (प्रति ट्याक्टर)		२५०	
४	वालूवा (प्रति ट्रक, टिप्पर)		७००	
५	वालूवा (प्रति मिनी ट्रक, टिप्पर)		४५०	
६	वालूवा (प्रति ट्याक्टर)		२५०	
७	कालीमाटी र रातो माटो (ट्रक)		२००	
८	कालीमाटी र रातो माटो (प्रति मिनी ट्रक ट्याक्टर)		१००	
९	कालीमाटी र रातो माटो (पावर टिलर)		५०	
१०	सल्लाको काकाकाबन		प्रति केजि रू २	

अनुसूची ४
(ऐनको दफा ६ संग सम्बन्धित)

शिखर नगरपालिकाद्वारा आगामी आ.ब. २०७५।७६ का लागि पटके सवारी साधन कर

सि.न	विवरण		आ व २०७५।७६ को लागि प्रस्तावित	कैफियत
१	बस, ट्रक		३००	
२	ट्याक्टर ठूलो (४० हर्षपावरभन्दा बढी), मिनी बस, मिनी ट्रक		२००	
४	जिप, कार		१००	
५	विदेशी बस ट्रक		५००	
६	विदेशी मिनी बस, ट्रक, जिप		३५०	
७	विदेशी कार र ट्याक्सी		३००	

अनुसूची ५
(ऐनको दफा ७ संग सम्बन्धित)

शिखर नगरपालिकाद्वारा आगामी आ.ब. २०७५।७६ का लागि वाहल विटौरी कर

सि.न	विवरण		आ व २०७५।७६ को लागि प्रस्तावित	कैफियत
क)	सार्वजनिक जग्गामा बनेका घर,टहरा,कुम्ती,गोदाम वा अन्य कुनै संरचना सम्बन्धमा ।			
१	सार्वजनिक स्थानमा वनेका घर सटरहरुको	प्रति सटर,कोठा	टेण्डर प्रतिस्पर्धाका आधारमा	
२	घुम्ती पसलहरु मासिक	प्रति वर्ग मिटर	५० गर्ने	
३	टहराहरु मासिक	प्रति वर्ग मिटर	५०	
४	गोदामहरु मासिक	प्रति वर्ग मिटर	५०	
५	सभाहल भाडा	प्रति दिन	१५००	
६	हाट बजार कर	वडा कार्यालयले न्युनतम ५० देखी सीमा हेरि लगाउने ।		
७	अन्य संरचनाहरु मासिक	नगरपालिकाको निर्णयानुसार		
ख)	वाहाल विटौरी कर			
१	कच्ची घर		१००	
२	लेन्टर पक्की घर		५००	

अनुसूची ६
(ऐनको दफा ८ संग सम्बन्धित)
शिखर नगरपालिकाद्वारा आगामी आ.ब. २०७५।७६ का लागि नक्सा पास कर

सि.न	विवरण		आ व २०७५।७६ को लागि प्रस्तावित	कैफियत
१	पक्की सडक (प्रति स्क्वायर फिट)		रु. ५	
२	शाखा सडक (प्रति स्क्वायर फिट)		रु. ३	

अनुसूची ७
(ऐनको दफा ९ संग सम्बन्धित)
शिखर नगरपालिकाद्वारा आगामी आ.ब. २०७५।७६ का लागि सेवा शुल्क तथा विभिन्न सिफारिस दस्तूरहरु

सि.न	विवरण		आ व २०७५।७६ को लागि प्रस्तावित	कैफियत
१)	सिफारिस			
१	नाता प्रमाणित		१००	
२	नागरिकता सिफारिश			
क)	वंशज, जन्मको नागरिकता सिफारिश		१५०	
ख)	वैवाहिक अंगिकृत नागरिकता सिफारिश गर्ने		२००	
३	प्रतिलिपि नागरिकता सिफारिश		१५०	
४	राहदानी सिफारिश		२५०	
५	बहाल करको लेखाजोखा सिफारिश गर्ने		१५०	
६	मोहि लगत कट्टाको सिफारिश गर्ने		१५०	
७	घरजग्गा करको लेखाजोखा सिफारिश गर्ने		२५०	
८	जन्म मिति प्रमाणित फरक फरक नाम थर जन्ममिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश गर्ने		२५०	
९	व्यापार व्यवसाय बन्द भएको सञ्चालन नभएको वा हुँदै नभएको सिफारिश गर्ने		२५०	
१०	मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिश गर्ने		२५०	
११	विवाहित वा अविवाहित प्रमाणित गर्ने		२००	
१२	निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिश गर्ने		५०	
१३	अंग्रेजी माध्यममा सिफारिश तथा प्रमाणित गर्ने (प्रति सिफारिस)		३००	
१४	घर पाताल प्रमाणित गर्ने		१५०	
१५	व्यक्तिगत विवरण प्रमाणित गर्ने		२००	
१६	पुर्जामा घर कायम गर्ने सिफारिश गर्ने		१५०	
१७	मदिरा बीक्री इजाजत पत्र सिफारीस		१५०००	
१८	मदिरा बीक्री इजाजत पत्र नविकरण सिफारिस		७०००	
१९	नामथर जन्ममिति संशोधनको सिफारिश गर्ने		३००	
२०	जग्गाधनी पुर्जा हराएको सिफारिश गर्ने		२००	
२१	कागज र मन्जुरीनामा प्रमाणित गर्ने		१५०	
२२	कित्ताकाट गर्न सिफारिश गर्ने		२००	
२३	सरक्षक प्रमाणित गर्ने तथा सस्थागत व्यक्तिगत संरक्षक सिफारिश गर्ने		१५०	
२४	हकवाला वा हकदार प्रमाणित गर्ने		२००	
२५	नामसारी गर्न सिफारिश गर्ने		२००	
२६	जग्गा हक सम्बन्धमा सिफारिश गर्ने		२००	
२७	मृतकसँग नाता प्रमाणित तथा सर्जमीन मुचुल्का गर्ने		२५०	
२८	उद्योग दर्ता सिफारिश			
क	साना उद्योग		५००	
ख	मझौला उद्योग		७५०	
ग	ठुला उद्योग		१०००	
२९	उद्योग ठाउँसारी गर्न सिफारिश गर्ने		३०००	
३०	जीवित रहेको सिफारिश गर्ने		१५०	
३१	पूर्व प्राथमिक विद्यालय खोल्न सिफारिश र अनुमति दिने		५००	
३२	जग्गा मुल्याङ्कन सिफारिश मुल्याङकन गर्न			
क	रु पचास लाख सम्म		५०००	

शिखर नगरपालिका नगरकार्यपालिकाको कार्यालय

सि.न	विवरण		आ व २०७५।७६ को लागि प्रस्तावित	कैफियत
ख	रु पचासलाख भन्दा माथि प्रति लाख		२०० थप	
३३	विद्यालयको कक्षा थप गर्न सिफारिश गर्ने			
क	सामुदायिक वा सरकारी			
	क. वाल विकास केन्द्र सञ्चालन अनुमति		१००	
	ख. आधारभूत विद्यालय		२००	
	ग. मा.वि.		५००	
	घ. स्नातक र स्नातकोत्तर		१०००	
ख	निजि			
	क) वाल विकास केन्द्र सञ्चालन अनुमति		५००	
	ख) आधारभूत विद्यालय		१०००	
	ग) मा.वि.		१५००	
	घ) स्नातकर स्नातकोत्तर		२०००	
३४	पालन पोषणका लागि सिफारिश गर्ने		निशुल्क	
३५	आर्थिक अवस्थाको सिफारिश गर्ने			
क	विपन्नताको सिफारिश		१००	
ख	सम्पन्नताको सिफारिश		५००	
३६	विद्यालय ठाउँसारी गर्न सिफारिश गर्ने		२५०	
३७	टेलिफोन, धारा तथा विद्युत जडानको सिफारिश गर्ने			
क	आर.सी.सी. पक्की घर		२००	
ख	अन्य घर		१००	
३८	काठ दाउराको सिफारिश		कुकाठ २५०	
३९	सर्जमिन मुचुल्का गरेको शूल्क		२५०	
४०	चारित्रिक सिफारिस		१५०	
४१	भवनं निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस		३००	
४२	छात्रवृत्ति सम्बन्धी सिफारिस		निशुल्क	
४३	पेन्सन मिलान सिफारिश		२५०	
४४	संस्था दर्ता सिफारिश		५००	
४५	जातीय पहिचान सिफारिश		१५०	
४६	प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिम अन्य सिफारिश गर्ने		१५०	
४७	क सम्पती मुल्याङ्कन शुल्क		१ प्रती हजारमा	
	ख विदेश अध्ययन गर्न जानेको लागी			
	५० लाख सम्मको मुल्याङ्कनमा		५०००	
	५० लाख देखी १ करोड सम्मको मुल्याङ्कनमा		७०००	
	१ करोड भन्दा माथीको मुल्याङ्कनमा		१००००	
४८	आय स्रोत प्रमाणीत दस्तुर		१ प्रती हजारमा	
४९	ताला बन्दी कोठा खोल्ने सेवा शुल्क दस्तुर		१०००	
५०	चार किल्ला प्रमाणित सिफारिस		३००	
२	अन्य दस्तुर			
१	निवेदन दस्तुर		१०।०	
२	अनूसुची फाराम		१०।०	
३	जन्म, मृत, वसाईसराई र सम्बन्ध विच्छेद विलम्व दस्तूर		५०	
४	कोटेशन फाराम शुल्क		आर्थिक नियमावली अनूसार	
५	टेण्डर फाराम शुल्क		आर्थिक नियमावली अनूसार	
६	निवेदन नक्कल प्रति पाना			
	क) कार्यालयको तर्फबाट गरिदिनुपरेमा		७ प्रतिपाना	
	ख) आफैले गरि लगेमा		५ प्रतिपाना	
७	भरुवा बन्दूक नवीकरण दस्तूर		५००।०	
८	घर निर्माण नक्शाको नक्कल दस्तूर		१५०	
९	क) घ वर्ग को निमार्ण व्यवसायी दर्ता शूल्क		५१००	
	ख) घ वर्ग को निमार्ण व्यवसायी दर्ता नविकरण शूल्क		१०००	
	ग) घ वर्ग को निमार्ण व्यवसायी दर्ता प्रमाण पत्र शूल्क		५००	

अनुसूची ८

(ऐनको दफा १० संग सम्बन्धित)

शिखर नगरपालिकाद्वारा आगामी आ.ब. २०७५।७६ का लागि प्राकृतिक साधन उपयोग कर

विवरण	आ व २०७५।७६ को लागि प्रस्तावित		कैफियत
पर्यटन उद्योग	VAT वाला	PAN वाला	
होमस्टे	३००.०	१५०.०	
साधारण होटल र लज	१०००.०	५००.०	
रेष्टुरेन्ट (मम तास सेकुवा)	१०००.०	५००.०	
प्रति पर्यटक स्वदेशी र विदेशी	२५	२०.०	

अनुसूची ९

(ऐनको दफा ११ संग सम्बन्धित)

शिखर नगरपालिकाद्वारा आगामी आ.ब. २०७५।७६ का लागि दण्ड जरिवाना र नियमित दस्तुर

विवरण	आ व २०७५।७६ को लागि प्रस्तावित	कैफियत
स्वीकृत नक्सा विना बनेको संरचनाको हकमा नक्सा नियमित दस्तुर प्रतिवर्ग फिट (स्ववासीवाहेकको क्षेत्रमा)	रु. ४०	
स्वीकृत नक्सा विनाबनेको संरचनाको हकमा जरिवाना प्रति वर्ग फिट	रु. १०	
अन्यको हकमा प्रमुखको निर्णयानुसार कम्तिमा रु ५०००।- देखि बढीमा रु १०००००।- सम्म जरिवाना दस्तुर वरावरको रकम		

प्रमाणिकरण मिति :

शिवराम जोशी
(नगर प्रमुख)

शिखर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
७ नं. प्रदेश नेपाल
२०७२